www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा
२०७३

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं. ११६८

सुचना ! सुचना !! सुचना !!!

भुमि सम्बन्धी समस्या समाधान आयोगको मिति २०७७/१०/०९ को सुचना बमोजिम यस गाउँपालिकामा रहेका भुमिहीन दलित र भुमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि भुमिहिन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको उनीहरुले बसोबास वा आवाद कमोत गरेको जग्गा नियम बमोजिम प्राप्त गर्न आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र (मिति २०७७/१०/०९ देखी लागु हुने) घरदैलोमा लगत सङ्कलकको रुपमा खटाईका वडा कार्यालयका कर्मचारी वा सम्बन्धित वडा कार्यालयमा फाराममा उल्लेखित विवरणलाई पुष्ट्याई गर्ने प्रमाण कागजात सहित सिधै पेश गर्नुहुन अनुरोध गरिन्छ ।

<u>दलित भुमिहीन र भुमीहीन सुकुम्बासीको फाराम भर्दा आवश्यक पर्ने कागजातहरु :</u>

क) घरमूलीको पति र पत्नीको नेपाली नागरिकताको २/२ प्रति फोटोकपि र पासपोर्ट साईजको २/२ प्रति फोटो ।

ख) घरमूलीको बाबु र आमाको नेपाली नागरिकताको २/२ प्रति फोटोकपि ।

ग) घरमुलीको बाजे वा ससुराको भोटिङ कार्डको मतदाता नम्बरको एक प्रति फोटोकपि ।

घ) उपभोगको प्रमाण (विद्युत/पानि महशुल तिरेको रसिद, स्थानिय तहले दिएको सिफारिस, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, घरनक्सा पासको प्रतिलिपि र विगतका आयोगले दिएको निस्सा र सम्भव भएसम्म यी मध्येको एक/एक प्रति फोटोकपि र आफु वा परिवारको सदस्यको भोगचलनमा बेदर्ता जग्गा नेपाल राज्यभर कहिकतै नरहेको हकमा यी कागजातको फोटाकपि आवश्यक नपर्ने ।

ङ) माथि उल्लेखित कागजातको एक प्रति सक्कल र एक प्रति प्रतिलिपि फाईल तयारी अवश्थामा राख्ने ।

२०७७/१०/२०

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

शहिद लखन गाउँपालिका
'गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३

प.सं. २०७७/०७८
च.नं.

गण्डकी प्रदेश, नेपाल

**अव्यवस्थिन बसोबासीहरुको फाराम भर्दा आवश्यक पर्ने कागजातहरु :**

क) धरमूलीको पति र पत्निको नेपाली नागरिकताको २/२ प्रति फोटोकपि र पासपोर्ट साईजको २/२ प्रति फोटो ।

ख) धरमूलीको बाबु र आमाको नेपाली नागरिकताको २/२ प्रति फोटोकपि ।

ग) घरमूलीका बाजे/ससुराको भोटिङ कार्डको मतदाता नम्बरको एक प्रति फोटोकपि ।

घ) उपभोगको प्रमाण (विद्युत/पानि महशुल तिरेको रसिद, स्थानिय तहले दिएको सिफारिस, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, घरनक्सा पासको प्रतिलिपि र विगतका आयोगले दिएको निस्सा र सम्भव भएसम्म भए यि मध्येको एक/एक प्रति फोटोकपि ।

ङ) आफु र परिवारका सदस्यका नाममा अन्यत्र रहेका सबै जग्गाको पुर्जाको फोटोकपि र सम्वन्धित स्थानीय तहले (पालिकाले) सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी स्थानीय तह (पालिका) को पत्र ।

छ) माग गरेको जग्गामा निवेदकले दश वर्ष अघिबाट आवाद कमोत गरी आएको हो भनि प्रमाणित गरेको सम्बन्धित वडाको पत्र ।

ङ) माथि उल्लेखित कागजातको एक प्रति सक्कल र एक प्रति प्रतिलिपि फाईल तयारी अवश्थामा राख्ने ।

पुनश्च : सम्भावित लाभग्राहीले आफु भुमिहीन दलित, भुमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासी के हो ? भन्ने विषयमा एकिन गर्न सम्बन्धित वडा कार्यालयबाट खटिएका लगत संकलक मार्फत तथ्यगत जानकारी लियरमात्र फाराम भर्न/भराउन अनुरोध गरिन्छ । झुट्टा विवरण दिई फाराम भरिएको पाईएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ । भुमिहीन सुकुम्बासीले रातो फाराम भर्नु पर्ने छ भने अव्यवस्थित बसोबासीले सेतो फाराम भर्नु पर्नेछ ।

२०७८/१०/२०

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner